Journey for Sustainable Development and Peace Journal ISSN: 2976-1328 (Online)
(A Peer-Reviewed, Open Access Journal) 2976-1360 (Print)
Vol 2 Issue 2 (Special Issue) Sep 2024 www.jsdp.org.np

**Editorial:**

# दिगो विकास निर्माणको पक्षमा

# (In Favor of Sustainable Development Construction)

Deepak Chaudhary
Mail: dipak10@gmail.com

**DOI: https://doi.org/10.3126/jsdpj.v2i2.69559**

केही वर्षयता विकासको ठाउँमा विकास निर्माण शब्दले व्यापकता पाएको देखिन्छ । यद्यपि यसको अग्रेजी नामाकरण चित्त बुझ्दो छैन । विकास निर्माण भौतिक पूर्वाधार र विशेषगरी बाटोघाटो तथा यातायात, उर्जा र टेलिकम्युनिकेशन क्षेत्रसँग बढी सम्बन्धित रहँदै आएको छ । यसले समग्र आर्थिक वृद्दिमा सकारात्मक भूमिका खेल्दै रोजगारी सृजना गर्नमा महत्वपूर्ण योगदान दिदैं आएको प्रशस्त उदाहरणहरु नभएका होइनन् । आठ देशहरुमा गरिएको एक अध्ययनले विकास निर्माणका (बाटो यातायात, ऊर्जा र टेलिकम्युनिकेशन) कारण आर्थिक बृद्दिमा सकारात्मक असर पारेको देखाइएको छ । विश्व बैंक तथा अन्य अध्ययनहरुले पनि विकास निर्माणले सेवा प्रवाहमा राम्रो भूमिका खेलेको देखाएको छ । २० वर्ष यता विकास निर्माणका कारण चीन लगायत पूर्वी एशिया, अरब, भारतको पश्चिम दक्षिण राज्य र बंगलादेशको प्रति व्यक्ति आयमा बृद्दि भएकाे छ र आर्थिक गतिविधि बढेको देखिन्छ । गरिबी पनि घट्दो छ । ५० वर्ष अघि नै भौतिक पूर्वाधारको विकास गरिसकेका पश्चिमा, जापान तथा सिंगापुरले आज त्यही विकास निर्माणबाट मनग्य आम्दानी गरिरहेका छन् ।

पूर्वाधार विकासले कृषि उत्पादन तथा यसको बजार विस्तार तथा पहुँचमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । त्यसैगरी नेपालको अर्थतन्त्रमा महत्वपूर्ण भूमिका खेल्दै आएको पर्यटन क्षेत्रको विकासका लागि पूर्वाधार विकास निर्माण अपरिहार्य छ । त्यस्तै यसको उद्यमशिलता तथा ब्यापार–व्यवसायको वातावरण बनाउन उल्लेख्य भूमिका रहेको देख्न सक्छौं । भरपर्दाे बाटोघाटो तथा यातायात प्रणालीले रित्तिदै गएको ग्रामिण क्षेत्रको कृषि उत्पादनलाई टेवा दिने र गाँउलाई केही हदसम्म चलायमान बनाउन सघाँउने देखिन्छ । अहिले अधिकांश पालिकाहरुको वजेटको प्राथमिकता क्षेत्र बाटोघाटो भएको पाइन्छ । यद्यपि राष्ट्रिय स्तरमा बाटोघाटो निर्माण र सार्वजनिक यातायातको अवस्था सन्तोषजनक छैन । अहिलेको भरतपुर–बुटवल, मुग्लिन–पोखरा, नागढुगां–चितवन, कान्तिपथ आदि कुनैको पनि निर्माण प्रगतिको अवस्था राम्रो छैन । अर्को महत्वपूर्ण पक्ष भनेको भरपर्दो बाटोघाटो तथा यातायात प्रणालीले सिस्टम बसाल्न र अनुशासित समाज

Journey for Sustainable Development and Peace Journal ISSN: 2976-1328 (Online)
(A Peer-Reviewed, Open Access Journal) 2976-1360 (Print)
Vol 2 Issue 2 (Special Issue) Sep 2024 www.jsdp.org.np

निर्माणमा सघाँउने कुरा विश्वव्यापी रुपमा देख्न सकिन्छ । किनकि यो आम मानिससँग जोडिएको छ । यसले सही ठाउँमा यातायात चढ्ने, सही ठाउँमा बाटो काट्ने, अनलाइन टिकटबाट यात्रा गर्ने र समयमा गन्तव्यसम्म पुग्ने आदि कुराहरुले तलबाट सिस्टम बसाल्न सघाउँछ भन्ने हो । सिस्टम विकासको एउटा संकेत पनि हो । विकाससँगै सिस्टम बस्न सकेन भने त्यो दिगो हुन सक्दैन । राम्रो बाटोघाटो तथा चुस्त यातायात प्रणालीले केही सामाजिक (लैगिंक तथा सिधासाधा जनताको सन्दर्भमा) शोषण तथा ठगीमा कमी ल्याउँछ ।

यद्यपि आज देशको राजधानी जोड्ने बाटो दिगो र भरपर्दो बन्न सकेको छैन । यातायात प्रणाली भद्रगोल छ । धेरै हदसम्म अनुशासनहीनताको अवस्था छ । उच्च पूँजी लगानीमा बनेको दुई वटा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण भएको बर्षौ भइसक्दा पनि नियमित उडान हुन सकेको छैन् र आर्थिक घाटा ब्योहोरिरहनु परेको छ । तराइ/मधेश द्रुत मार्ग सडक आफ्नै पारामा चलिरहेको छ । २५ औं वर्षमा पनि सम्पन्न हुन नसकेको अर्बौं रुपियाँ लगानी भइसकेको मेलम्ची खानेपानी अझै पनि भरपर्दो रुपमा आउन सकेको छैन । यस्ता ठूला पूर्वाधार विकास निर्माण कार्यहरु समयमा बन्न नसक्दा यसले उल्टो थप आर्थिक व्ययभार थप्दै लगेको अवस्था छ । यसले हाम्रो जवाफदेहिता माथि प्रश्न तेर्सिनु स्वभाविक छ ।

विकास निर्माणको सन्दर्भमा जग्गा प्राप्ति तथा वन नीति तगारोको रुपमा चित्रित हुँदै आए पनि यी दुवैको उपभोग गर्न नपर्ने काठमाडौंको ग्वार्कोको ओभरफ्लाई पुल समयमा बन्न सकेको छैन । शुरुमा डिजाइन, त्यसपछि कार्यशैली तथा क्षमता, वजेट व्यवस्थापन तथा निकासा, सहजीकरण तथा सजायपुरस्कार आदि विषयका कारण ढिलो भएको मानिन्छ । यहाँनेर शक्ति र ज्ञानको अध्यासको कमी हो कि भन्ने प्रश्न तेर्सिन सक्छ । एक्टरका कुराहरु पनि छन् । ढिलासुस्तीहरुले नीतिगत तथा कार्यान्वयन तहका समस्याहरुको उजागार गर्दछ । यसले हाम्रो कार्यक्षमता तथा सुशासनको अवस्थालाई समेत इंगित गर्दछ । यहाँनेर नेतृत्व (निर्णय तथा कार्यान्वयन तहको) को कुरा पनि छ । जवाफदेहिता विना पारदर्शिता सबल हुन सक्दैन र कानूनी राज्य प्रतिको प्रत्याभूति पनि सबल बन्न सक्दैन ।

दार्शनिक मिसेल फुकोले भने जस्तै सत्ताशक्ति तथा शक्ति–ज्ञानको सही अभ्यास हुन सकिरहेको छैन भन्ने पनि हो । भिजन सहितको योजना, रणनीति तथा स्रोतसाधानहरुको सही परिचालनमा समस्याहरु भोगिरहेका छांै । यद्यपि विकास निर्माणको विकल्प छैन । तर सामाजिक तथा वातावरणीय पक्षलाई पनि विचार गरेर विकास निर्माण अगाडि बढाउँदा बल्ल दिगो बन्न सक्छ । विकास निर्माणको कुरा गरिरहदा अन्य आवश्यक क्षेत्रहरु शिक्षा, स्वास्थ्य, आदि क्षेत्रको विकासलाई पनि दिगो रुपमा अगाडि बढाउन आवश्यक रहेको पक्ष बिर्सिनु हुदैन । तर पूर्वाधार विकास

ISSN: 2976-1328 (Online)
2976-1360 (Print)

निर्माणले गति लिएसँगै अन्य क्षेत्रमा पनि सकारात्मक असर पर्ने हुँदा दिगो विकास निर्माणलाई थप गतिमान बनाउन आवश्यक छ भन्ने हो ।